


PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार १३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 27 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९९

## बाढीको चपेटामा मध्यतराईका ग्रामीण क्षेत्र

राधेश्याम पटेल, परवानीपुर, १२ असार/

शनिवार बिहान १ बजेदेखि परेको भारी वर्षाले पर्सा, बाराका ग्रामीण भेग पर्साका श्रीसिया, भेड हा, तिलावे, गादी, सिङ्याही, सिकटा, ओरिया खोलाछेउका गाउँबस्तीहरू बढीजसो खाली गराइएको बताए ।

त्यसैगरी, पर्सामा बाढीले धेरै प्रभावित पार्ने छिपहरमाईगाउँपालिकाको







बाढीले डुबानमा परेका पर्साको ग्रामीण भेगका घर तथा सडकहरू । तस्वीरः धर्मेन्द्र चौरसिया

जलमग्न भएका छन् ।

शनिवार बिहान १ देखि ११ बजेसम्म परेको अविरल वर्षाले मध्यतराईका जिल्लाहरू पर्सा र बाराका सरेह (खेत) पूरै जलमग्न भएका छन् । वर्षा छुटेपछि बिस्तारै उत्तरतर्फबाट पानीको बहाव दक्षिणतर्फ बगेर अहिले डुबान केही कम भएको छ ।

जलमग्न भएको सशस्त्र प्रहरी पर्साले जनाएको छ । सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खडकाका अनुसार करीब १० घण्टाको लगातारको बर्खाले पर्साका अधिकांश पालिकामा डुबानको जोखिम देखिएको बताए । उनले पकहामैनपुर गाउँपालिकाको धोरेस्थित सशस्त्र प्रहरी बोर्डर आउट पोस्टमा पानी पसेर पोस्ट भिस्वा, जयमङ्गलापुर, झलमहिया, सम्भौता, चरगाहा, बघमरी, मिर्जापुर, भलुवहिया, धोबिनी, विन्ध्यवासिनी गापाको गर्दौल, बहुदरमाईको रामनगरीलगायत गाउँबस्ती आसपासमा बाढीको बढी जोखिम देखिएको थियो । "यदि केही घण्टा अझै पानी परेको भए, बस्तीमैं पानी पस्ने अवस्था थियो," उनले भने, "तर पानी रोकिएर सबै ठाउँमा पानीको सतह कम हुँदै गएको छ, खोलामा आएको बाढी बस्तीमा जाने अवस्था छैन ।" उनले पर्साका विभिन्न खोलाछेउका बासिन्दालाई वर्षात्को समयमा विशेष सतर्कता अपनाउन आग्रह गरेका छन् । साथै, सशस्त्र प्रहरीका सबै युनिटलाई पनि हाई अलर्टमा बस्न निर्देशन दिएको बताए ।

बाराको दुधौरा, लालबकैया, पसाहालगायत खोलामा पनि वर्षात्मा

(बाँकी तेस्रो पातामा)

### गर्दौलको लचकामा खतरा

प्रस, पोखरिया, १२ असार/

वीरगंज–पोखरिया सडकखण्डमा पर्ने गर्दौलस्थित लचका भएर आउजाउ गर्न समस्या भएको छ ।

शनिवार परेको भारी वर्षाको कारण सो क्षेत्रका खेत, सरेह जलमग्न भएपछि लचका भएर बग्ने पानीको सतह बढेपछि आउजाउमा समस्या भएको हो ।

वीरगंज पर्साको पूर्वी क्षेत्रमा अवस्थित छ । सदरमुकाम वीरगंज पुग्न उक्त सडक महत्त्वपूर्ण छ । तर वर्षात्को बेला गर्दौलको लचकामा पानी बहाव बढ्दा पैदल र साइकल यात्रा गाऱ्हो हुन्छ भने मोटरसाइकल तथा अन्य सवारीसाधनबाट यात्रा गर्दा बिग्रने गर्छन् । सोही कारणले पश्चिमी भेगका बासिन्दालाई वीरगंज आउन निकै कठिनाइ हुने गर्छ । सो क्षेत्रका बासिन्दाले वर्षात्को बेला सो सडकको विकल्प खोज्न स्थानीय पालिकाले जोड दिनुपर्ने बताए ।

## अब लोकतन्त्रको रक्षा हुन्छ -उपेन्द्र यादव

प्रस, सप्तरी, १२ असार/

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले अब लोकतन्त्रको रक्षा हुनेमा आफू ढुक्क भएको बताएका थियो । मधेसको माग जनसङ्ख्याको आधारमा समावेशी समानुपातिक प्रतिनिधित्व, भाषाको अधिकार, ७ प्रदेशको सट्टा १० जोड १ प्रदेशको



जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव । तस्वीरः फाइल

छन् । शनिवार सप्तरी आइपुगेका यादवले संसद् पुनर्स्थापना हुने र सर्वोच्च अदालतले शेरबहादुर देउवालाई प्रधानमन्त्रीको शपथ गराउन परमादेश जारी गर्ने विश्वास व्यक्त गर्दै लोकतन्त्रको गति लिकमा आउने दाबी गरे ।

"संसद् पुनर्स्थापना हुन्छ, देउवा प्रधानमन्त्री बन्नुहुन्छ र लोकतन्त्रको रक्षा हुन्छ । हामी यसमा ढुक्क छौं," यादवले भने ।

ओली नेतृत्वको सरकारले मधेसको कुनै माग पूरा नगर्दा पनि जसपाका केही नेता सरकारमा गएको उनको टिप्पणी अवधारणा रहेको बताउँदै उनले नागरिकताको मुद्दा र नेता, कार्यकर्तामाथि लागेका झूटा मुद्दाहरू समाधान नभएको बताए ।

उनले जसपाबाट ओली नेतृत्वको सरकारमा सहभागिता जनाउँदै पार्टी चोइटिने अवस्थामा पुऱ्याएका पूर्व राजपाका नेताहरूले आत्मालोचना गरे पार्टीमा पुनः आउन सक्ने बताए । पूर्व उपप्रधानमन्त्रीसमेत रहेका यादवले राजनीतिमा असम्भव केही पनि छैन भन्दै बाटो परिवर्तन गरेर अग्रगमनको बाटोमा आए पार्टीमा रहन सक्ने बताए ।

## डोजरले हानेर वडाध्यक्षको मृत्यु

प्रस, सर्लाही, १२ असार/

सर्लाहीमा डोजरले हानेर एकजना वडाध्यक्षको हत्या भएको छ । डोजर चालक हर्कबहादुर गोलेले डोजरको बकेटले हानेर ईश्वरपुर नगरपालिका वडा नं ३ का अध्यक्ष सूर्यकुमार श्रेष्ठको ज्यान गएको हो ।

शुक्रवार साँझ वडाध्यक्ष श्रेष्ठ, योजनाका ठेकेदार प्रेमराज दाहाल र

(बाँकी तेस्रो पातामा)

## चटयाङ लागेर दुईजनाको मृत्यु

प्रस, परवानीपुर, १२ असार/

चटयाङ लागेर पर्सामा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्सा जिल्ला जीराभवानी गाउँपालिका वडा नं ३ जीतपुर टोल बस्ने ६५ वर्षीय राजेश्वर साह तेली रहेका छन् । शनिवार बिहान करीब साढे ७ बजे खेतमा काम गर्ने क्रममा चटयाङ लागेर घटनास्थलमैं उनको मृत्यु भएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी गराए । उनको शव शल्यपरीक्षणका लागि नारायणी अस्पताल वीरगंज ल्याइएको छ ।

यसैगरी आज बिहान ७:३० बजे चटयाङ लागेर रौतहट जिल्ला परोहा



चटयाङ लागेर घाइते भएकी महिला

नगरपालिका–२ जिगडवा निवासी मोहम्मद अबुलेशका ३५ वर्षीय छोरा शेख जमशेदको निधन भएको छ भने एकजना महिला पनि घाइते भएकी छन् ।

## वीरगंज भन्सारको राजस्व सङ्कलन लक्ष्यभन्दा एक प्रतिशत मात्र कम

राधेश्याम पटेल, परवानीपुर, १२ असार/

मुलुककै प्रमुख भन्सार नाका वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले जानकारी गराए । उनका करीब रु ५२ अर्ब बढी राजस्व सङ्कलन भएको भन्सार कार्यालयले जनाएको छ ।



प्रमुख भन्सार नाका वीरगंज । तस्वीरः प्रतीक

भन्सारले चालू आवको ११ महीनामा करीब लक्ष्यअनुरूपको राजस्व सङ्कलन गरेको छ । लक्ष्यभन्दा करीब डेढ अर्ब कम राजस्व सङ्कलन गरेको छ ।

वीरगंज भन्सारले चालू आवको साउनदेखि जेठसम्म ११ महीनासम्म रु १ खर्ब ५५ अर्ब ५२ करोड २६ लाख ७१ हजार लक्ष्य पाएकोमा ९९ प्रतिशत अर्थात् १ खर्ब ५३ अर्ब ९८ करोड ६२ लाख ४६ हजार राजस्व सङ्कलन गरेको वीरगंज अनुसार गत आव २०७६/७७ मा जेठ मसान्तसम्म ११ महीनामा रु १ खर्ब ७३ अर्ब ७९ करोड ६२ लाख १८ हजार लक्ष्य पाएकोमा ६४ प्रतिशत अर्थात् रु १ खर्ब ११ अर्ब ८६ करोड ६१ लाख २५ हजार मात्र राजस्व सङ्कलन गरेको थियो ।

पोहोर कोरोना महामारीको कारण लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसकेपछि यस वर्षको लागि लक्ष्य पनि घटाइएको थियो । तर पनि पोहोरभन्दा

चालू आवको जेठ मसान्तसम्म ११ महीनामा भन्सार महसूलतर्फ रु ६० अर्ब १२ करोड १७ लाख ८९ हजार लक्ष्य पाएकोमा ९७ प्रतिशत अर्थात् रु ५८ अर्ब २८ करोड ९७ लाख ४ हजार, मूल्य अभिवृद्धि करतर्फ रु ६४ अर्ब ३१ करोड १३ लाख ८१ हजार लक्ष्य पाएकोमा ८६ प्रतिशत अर्थात् रु ५५ अर्ब ४३ करोड ९३ लाख २९ हजार, अन्तःशुल्कतर्फ रु २० अर्ब ४० करोड २८ लाख १९ हजार लक्ष्य पाएकोमा ८५ प्रतिशत अर्थात् रु १७ अर्ब ३१ करोड १७ लाख ३८ हजार राजस्व सङ्कलन भएको छ ।

त्यसैगरी, पूर्वाधार करतर्फ रु ९ अर्ब ३९ करोड १५ लाख ८६ हजार लक्ष्य पाएकोमा ४४ प्रतिशत बढी अर्थात् रु १३ अर्ब ४८ करोड ५३ लाख ७३ हजार, सडक सुधार करतर्फ रु ७ अर्ब ८६ करोड ६० लाख ४ हजार, अग्रिम आयकरतर्फ रु २४ करोड ७१ हजार सङ्कलन भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ ।

### यस्तो छ वीरगंज भन्सारका अन्य सूचकहरू

वीरगंज भन्सारबाट हुने आयातमा २१ दशमलव ३३ प्रतिशतले वृद्धि भएको छ । गत आवको ११ महीनामा रु ३ खर्ब ७७ अर्ब ५३ करोड १५ लाख ६७ हजारबराबरको सामान आयात भएकोमा चालू आवको ११ महीनामा रु ४ अर्ब ५८ अर्ब ४ करोड ३७ लाख १८ हजारबराबरको सामान आयात भएको छ ।

त्यसैगरी, नेपालबाट भारत तथा विदेशमा हुने निकासी (निर्यात) ५१.०३ प्रतिशतले वृद्धि भएको छ । गत आवको ११ महीनामा रु २९ अर्ब २९ करोड ३७ लाखबराबरको सामान निकासी भएकोमा चालू आवको ११ महीनामा रु ४४ अर्ब २४ करोड २३ लाखबराबरको सामान निकासी भएको छ ।

वीरगंज भन्सारको चालू आवको ११ महीनाको व्यापारघाटा १८.८३ प्रतिशतले बढेको छ । गत आवको ११ महीनामा यस भन्सारको व्यापारघाटा ३ खर्ब ४८ अर्ब २३ करोड ७८ लाख २४ हजार थियो भने चालू आवमा व्यापारघाटा रु ४ खर्ब १३ अर्ब ८० करोड १३ लाख ८५ हजार रहेको छ ।

वीरगंज भन्सार नाकाबाट गरिने वैदेशिक व्यापारमा २३.४६ प्रतिशतले वृद्धि भएको छ । गत आवको ११ महीनामा रु ४ खर्ब ६ अर्ब ८२ करोड ५३ लाखबराबरको वैदेशिक व्यापार भएकोमा चालू आवको ११ महीनामा रु ५ खर्ब २ अर्ब २८ करोड ६० लाखबराबरको वैदेशिक व्यापार भएको छ । वीरगंज भन्सारको चालू आवको ११ महीनामा आयात/निर्यात अनुपात १९.६७ प्रतिशतले बढेको छ । त्यसैगरी, कुल व्यापारमा निर्यातको हिस्सा २२.५३ प्रतिशतले र आयात १.७३ प्रतिशतले गिरावट भएको छ ।

## विचारसार र सूक्तिहरू

**श्रेष्ठ उपार्जित गर्न सक्ने अक्षमताले नै जीवनलाई नीरस–निरानन्द बनाउँछ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कोरोना विपद् : परिणति र पाठ

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**स्थानीय सरकारको भूमिका पर्याप्त छैन । सङ्घ र प्रदेश सरकार आआफ्नो जिम्मेवारीमा इमानदार देखिएका छैनन् । तहगत सरकारबीच आरोप र प्रतिवादको उपक्रमले यसलाई पुष्टि गरिरहेको छ । संविधानको धारा ३५ मा कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गर्न नमिल्ने भनिएको छ ।**

कोरोना महामारीको दोस्रो लहर केही मत्थर भएको छ। महामारी नियन्त्रणका निम्ति लगाइएको निषेधाज्ञा केही खुकुलो बनिराख्दा तेस्रो लहरको सङ्केत देखिइसकिएको छ। महामारीकै बीचमा आर्थिक र सामाजिक दैनिकी अघि नबढाएर पनि भएको छैन। निषेधलाई मात्र नियन्त्रणको उपाय बनाउँदा जनता रोगसँगै भोकको शिकार हुने देखिएको छ । महामारीबाट कसरी जोगिने र दिनचर्यालाई कसरी अगाडि बढाउने भन्नेमा पर्याप्त सतर्कताको खाँचो छ । यस्तोमा बचाउका उपायमा पर्याप्त ध्यान दिनुपर्छ ।

गत वर्षकै बन्दाबन्दीताका बहुपक्षीय अध्ययनले विश्व अर्थतन्त्र ७ दशककै सबैभन्दा खराब अवस्थामा पुगेको देखाएको थियो । विकास साझेदारका प्रारम्भिक अध्ययनले अर्थतन्त्रमा धक्का पुग्ने औंल्याइसकेका छन् । अन्तर्राष्ट्रिय मुद्रा कोषले सङ्क्रमण चाँडै नियन्त्रणमा नआए सङ्कट सन् २००८/९ को मन्दीभन्दा पनि खराब हुने बताएको छ। वर्ष दिनको अन्तरालमा महामारीको दोस्रो लहर र यसको सङ्कटले अर्थतन्त्रका आयाम झन् थलिएकोमा किन्तुपरन्तुको खाँचो पर्दैन ।





उदीयमान र नेपालजस्ता अल्पविकसित देशको आर्थिक व्यवस्था गम्भीररूपमा प्रभावित भएको छ । बजार गतिविधि घटेको छ । आय र माग खुम्चिएको अवस्थामा उत्पादन, आयात र आपूर्तिको शृङ्खला नै बिथोलिने भयो। अर्थतन्त्रमा मुख्य योगदान रहेको कृषिको उत्पादन घटेको छ । यसबाट अर्थव्यवस्थामा गम्भीर खलल पुग्ने अनुमान पनि कठिन छैन ।

गत वर्ष २०७६/७७ मा आर्थिक अभिवृद्धि ऋणात्मक बन्यो। चालू आर्थिक वर्ष २०७७/७८ मा उत्साहित हुने आधार छैन। यो वर्ष चार प्रतिशत हाराहारीमा वृद्धिको अपेक्षा गरिएको छ। महामारी नियन्त्रणका लागि जारी निषेधाज्ञा र तेस्रो लहरको सम्भावित जोखिमले यो अपेक्षा अनिश्चियमा घेरिएको छ । कृषिजन्य वस्तुको उत्पादनमा कमी, आन्तरिक माग र खपतमा कटौती, विकास निर्माणका काममा गतिरोधजस्ता नकारात्मक प्रभावले अर्थतन्त्रका आधार कमजोर देखिएका छन् ।

उद्योग–व्यवसाय चलेका छैनन्। मुख्य औद्योगिक कोरिडोरका आधाभन्दा बढी उद्योगले उत्पादन बन्द गरेको समाचार सञ्चारमाध्यममा आएका छन्। यसको प्रत्यक्ष प्रभाव रोजगारमा देखिएको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)का अनुसार कोरोनाले निम्त्याएको विश्वव्यापी सङ्कटका कारण विश्वभर एक अर्ब २५ करोड मानिसको रोजगार प्रभावित भएको छ । आइएलओले नेपालमा ३७ लाख मानिसको रोजगार उच्च जोखिममा परेको बताएको छ।

नेपालमा ३६ लाख मानिसको रोजगार गइसकेको एक अध्ययनले देखाएको छ। रोजगारमा रहेकाहरूको पनि तलब कटौती भएको छ। संयुक्त राष्ट्रसङ्घले अघिल्लो वर्ष गरेको अध्ययनले विश्वभर ५० करोड मानिस गरीबीको रेखामुनि झर्ने देखाएको थियो। यो महामारीबाट विगत ३ दशककै बढी गरीब उत्पादन हुने अनुमान छ। हामीकहाँ महामारीकै कारण १२ लाख मानिस गरीबीको रेखामुनि पुगिसकेका छन् ।

विश्वका ठूलादेखि साना अर्थतन्त्रले राहत घोषणा गरिराखेका छन् । हाम्रो सरकारले पनि गरेको छ । तर त्यसले आवश्यकताको सानो अंशलाई पनि सही तरीकाले सम्बोधन गर्न सकिराखेको छैन। ती व्यावहारिक नभएका गुनासा नौलो लाग्न छोडेका छन् । सीमितले यसबाट राहत पाए पनि उद्यम–व्यापारका वृहत् क्षेत्र, रोजगार गुमाएका र दैनिक ज्यालादारी गरेर खाने ठूलो तप्कालाई यसले सम्बोधन गर्न सकेको छैन। उत्पादन (उद्योग), आपूर्ति (आयात र बजार) र उपभोग (उपभोक्ता) दैनिकी चलायमान नभएसम्म राहतले मात्र अर्थतन्त्रका आयामलाई उकास्न सम्भव हुँदैन ।

जनता भएको रोजगार गुमाइराखेको छ। आधारभूत उपभोगका वस्तुको मूल्य आकाशिएको छ। आम दैनिकी सकसपूर्ण बन्दै गएको छ। सरकार वितरणमुखी बजेट ल्याइराखेको छ। कर्मचारीको तलब बढेको छ। बढ्नुहुँदैन भन्न खोजिएको होइन । तर आम मानिसलाई बिहान–बेलुकाको चिन्ताको दृश्यमा यो वृद्धि पर सार्न सकिन्थ्यो ।

जनताले सकिनसकी तिरेको कर र विभिन्न कोषमा थुप्रिएको रकम विपद्मा खर्च गर्न सकिन्थ्यो। पेट्रोलियम पदार्थमा उठाइएको पूर्वाधार विकास कर ३० अर्ब रुपैयाँ नाघिसकेको छ। सामाजिक सुरक्षा करको नाममा पारिश्रमिकमा १ प्रतिशतको दरले लिइएको ६ अर्ब रुपैयाँभन्दा बढी छ। अहिले खोपका लागि छुट्याइएको रकम अपुग भएका बेला यस्तो रकम खोप खरीदमा खर्च गर्न सकिन्थ्यो। यसमा सरकार किन उदासीन देखिएको छ, बुझ्न सकिएको छैन।

कोरोना नियन्त्रण र यसको प्रभाव न्यूनीकरणमा खर्च बढाउन गत वर्ष भारतमा त्यहाँका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, राज्यका गभर्नरसहित सांसदको तलबमा ३० प्रतिशत कटौती गरिएको थियो। सांसदले क्षेत्र विकासका लागि पाउने रकम दुई वर्षका लागि निलम्बित गरिएको छ। हाम्रो राजनीतिले पनि यो कुराको सिको गर्न नसक्ने कारण थिएन ।

हामीकहाँ प्रतिनिधिसभा नै नरहेकोले आगामी वर्षको बजेटमा यो कार्यक्रम हटेको छ । तर यस्तो रकम कोरोना महामारी नियन्त्रणमा नभएर अन्य लोकप्रियतामुखी कार्यक्रमको डालोमैं मिसाइएको छ। प्रदेशसभामा यो कायमै छ । गत वर्ष अर्थ मन्त्रालयले बजेटका १५ वटा कार्यक्रम स्थगन गरेर सकारात्मक सन्देश दिएको थियो । वर्षौंदेखि अघि बढ्न नसकेका योजनाको रकमलाई कोरोनाग्रसित क्षेत्रको पुनरुत्थान र राहतमा खर्च गरिनुपर्ने हो, त्यो हुन सकेको छैन । कोरोनाबाट रोजगार गुमाएका र अतिविपन्न व्यक्तिलाई नगद राहत दिनुपर्दछ । यसले बजारमा माग सिर्जना गरी अर्थतन्त्रलाई गति दिन मदत पुग्न सक्दछ ।

विपद् व्यवस्थापनबारे वैधानिक व्यवस्था हेरौं, नेपालको संविधान २०७२ को अनुसूची ५ को १६ ले सरुवा रोग नियन्त्रणलाई सङ्घ सरकारको अधिकार भनेको छ । अनुसूची ७ को १७ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद्को पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ सङ्घ र प्रदेश सरकारको साझा अधिकार मानिएको छ। स्थानीय तहको अधिकार उल्लेख गरिएको अनुसूची ८ को २० र तीनै तहगत सरकारको साझा अनुसूची ९ को ९ मा पनि विपद् व्यवस्थापनको जिम्मेवारी परेको छ। यस आधारमा कोरोना नियन्त्रणमा सङ्घ र प्रदेश सरकार बढी जिम्मेवार हुनुपर्ने हो । व्यवहारमा स्थानीय सरकारको सक्रियता बढी देखिएको छ।

स्थानीय सरकारको भूमिका पर्याप्त छैन। सङ्घ र प्रदेश सरकार आआफ्नो जिम्मेवारीमा इमानदार देखिएका छैनन्। तहगत सरकारबीच आरोप र प्रतिवादको उपक्रमले यसलाई पुष्टि गरिरहेको छ। संविधानको धारा ३५ मा कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गर्न नमिल्ने भनिएको छ। महामारीका बेला अस्पताल डुलाउँदाडुलाउँदै बिरामीको ज्यान जाने दु:खद घटना सामान्यजस्तै लाग्न थालिसकेको छ।

कोरोनाबाट विश्व नै आक्रान्त बनेको अवस्थामा यसको मानवीय र आर्थिक क्षतिलाई कसरी न्यूनीकरण गर्ने भन्ने मुख्य उद्देश्य बन्नुपर्दछ । हाम्रो सरकार यो दुवै प्रबन्धमा असाध्यै कमजोर साबित भइराखेको छ । सबै नागरिकलाई खोपको सुनिश्चितता मानवीय क्षतिको एकमात्र उपाय मानिएको छ। सरकार भने सङ्क्रमण बढ्दा जनतालाई घरमा थुन्ने काममा मात्र अगाडि देखिएको छ।

अहिलेसम्म ४३ लाख हाराहारी मात्रा खोप भित्रिएको छ। बाँकी परिमाणको व्यवस्थापनमा सरकारी प्रयास अत्यन्तै फितलो देखिएको छ । यतिसम्म कि खोपको पहिलो मात्रा लगाएका १३ लाख ५० हजार ज्येष्ठ नागरिकले दोस्रो मात्रा कहिले पाउने भन्ने अझै अनिश्चित छ। भारतले दिएन भनेर रोइलो गर्ने सरकार भुक्तानी भइसकेको १० लाख मात्रा खोप भित्र्याउन कूटनीति पहलमा अत्यन्तै फितलो देखिएको छ।

सरकार जनतालाई आश्वासन मात्र दिइराखेको छ। प्रक्रियागत गतिमा अति ढिलासुस्ती मात्र होइन, कमिशनको चक्करसमेत प्रकटमा आएकै हो। शक्ति राष्ट्रहरूको खोप कूटनीतिलाई उपयोग गर्न सक्नुपर्दछ। तर सरकारले अनुदानको खोपमा मात्रै बल लगाएर हुँदैन। अहिले भारतबाहेक अन्य देशबाट खोप आपूर्तिको पहललाई प्रभावकारी बनाउनुपर्दछ। खोप आयातमा निजी क्षेत्रलाई सहजीकरण गर्ने हो भने आपूर्ति सहज हुन सक्दछ। क्षमता हुनेले किनेर लगाउन सक्दछन्। यसबाट सरकारलाई आर्थिक भार पनि कम हुनेछ । सरकारले बेलैमा खोप निश्चित गर्न नसक्दा कतिपयले अनधिकृतरूपमा भित्रिएको खोप लगाइराखेका छन् । सरकारले निजी क्षेत्रलाई खोप आयात र वितरण खुला गर्दा यो बाध्यताको पनि अन्त्य हुनेछ।

# मन्त्र–चैतन्य

**‘मननात् त्रायते यस्मात्तस्मान्मन्त्र इति स्मृतः ।’**

जसको जप–मननबाट परित्राण प्राप्त हुन्छ, त्यो मन्त्र हो। इष्टदेवता मन्त्रको नै प्रतिपाद्य विषय हुन्। अतः इष्टदेवता र मन्त्र एकै वस्तु हुन्। गुरुमाथि विश्वास गरेर उनीप्रति गरिने प्रेम र भक्ति नै मन्त्रलाई जीवनदान दिने शक्ति हो। यी तीनलाई सर्वथा भिन्न सम्झेर साधन गर्नेले कहिल्यै सिद्धितर्फ अग्रसर हुन सक्दैन। अग्नि, जल र चामल– यीमध्ये एकलाई पनि अलग गरियो भने भात बन्दैन। वास्तवमा मन्त्र, गुरु र इष्टदेवता– यी तीन एक हुन् या एकैको यी तीन अवस्था हो । यसै कारण मन्त्र–चैतन्य चाहनेले सर्वथा यी तीनमा एकत्वको भावना गर्नुपर्छ। यदि गुरुमाथि दृढशक्ति र विश्वास छैन, मन्त्र–जपबाट यदि इष्टको स्फूर्ति हुँदैन, इष्टदेवताप्रति आफ्नो उद्धार गर्नमा समर्थ हुने धारणा हुँदैन भने मन्त्र–जप निष्फल र केवल व्यर्थ श्रम मात्रै हुन्छ ।

**तिमी पनि आमाको अभयवाणी सुनेर जन्म–जीवन सफल गर्न सक्नेछौ । तिमी भव–बन्धन–मुक्त हुनेछौ, मुक्तिको आनन्द–प्रवाहमा बग्न थाल्छौ । यस भावबाट जप गर्नेले नै मन्त्र–चैतन्य प्राप्त गर्छ ।**



प्रतीकात्मक तस्वीर: सौजन्य

मन्त्रले उद्धार गर्छ। जो उद्धारकर्ता हो, त्यसैले नै उद्धारको उपाय बताउँछ– त्यो नै गुरु हो। यस प्रकार मन्त्रदाता गुरु र मन्त्र पनि एकै हुन्। यो ज्ञान हुनुपर्छ। यो ज्ञानले नै मन्त्रमा शक्तिको सञ्चार गराउँछ । जब यी कुरा राम्ररी अनुभवगम्य हुन्छ, तब मन्त्र–चैतन्य हुन्छ। मन्त्र–चैतन्य गर्न नसकेमा केवल जपले कुनै विशेष आध्यात्मिक उपकार हुँदैन। यस विषयमा विस्तारले विचार गर्नुपर्छ। मानौं, एक दरिद्र मनुष्य कुनै अर्को मनुष्यसँग भीख माग्छ, उसले किन माग्छ ? यस कारण कि उसको मनमा यो विश्वास छ, योसित माग्दा केही पाइन्छ। यदि उसको यो धारणा हुन्छ, यहाँ केही पनि पाइँदैन वा उसलाई यो विश्वास रहन्छ कि यसको दिने सामर्थ्य छैन, तब उसले यो व्यर्थ परिश्रम गर्दैन, अर्थात् उसको सामुन्ने आफ्नो अभावको कुरा कहिल्यै राख्दैन। यही कुरा मन्त्र–जपको सम्बन्धमा छ। यसै कारण मन्त्र–जपसँगै प्रत्येकपटक दृढचित्तले यो धारणा गर्नुपर्छ कि मैले इष्टदेवतालाई आफ्नो अनन्य प्रार्थना सुनाइरहेको छु र उनले सुनिरहेका छन् एवं कृपाको वश भएर मेरोतर्फ प्रसन्न दृष्टिले निहारिरहेका छन्।

उनी मेरो उद्धारको लागि र मेरो सन्तप्त चित्त शीतल गर्नको लागि वराभयहस्त होस् र कृपादृष्टिले मेरोतर्फ हेर्दै मलाई अभयदान दिइरहेका छन्। यस भाव र दृढताको साथ जप नगरेमा ‘मन्त्रदाता गुरुको शक्ति नै इष्टको स्फुरणामा मेरो एकमात्र सहायक हो,’ यो धारणा नगरेसम्म जपको कुनै विशेष फल प्राप्त हुँदैन। जसरी मृत शरीरलाई आलिङ्गन लगाउँदा कुनै लाभ या सुख पाइँदैन, त्यसै प्रकार गुरु वा मन्त्रमाथि विश्वास नभएपछि मन्त्र साधारण अक्षरमा परिणत हुन पुग्छ र त्यसको जपले कुनै फल उत्पन्न गर्न सक्दैन।’ उदाहरणको रूपमा एक मन्त्रमा नै विचार गरौं– जस्तै ‘ह्रीं’ एक बीज–मन्त्र हो। यसमा ह्–र्–ई र अनुस्वार– यी चार छन्। ह्=महादेवी, र्=वह्निबीज या प्रकृति, ई=महामाया र अनुस्वार=दु:खहरण हो। (मन्त्रमहोदधि) जस प्रकार अग्निको ज्योतिले सबैलाई प्रकाशित गर्छ र सबैको नाश पनि गर्छ, त्यसै प्रकार जुन महादेवीले यस जगत्को सृष्टि–स्थिति र ध्वंस–विधान गर्दछिन् एवं जुन महाशक्ति या महामायाबाट तीन (स्थूल, सूक्ष्म, कारण अथवा जाग्रत, स्वप्न, सुषुप्ति) शरीरको उत्पत्ति, स्थिति र ध्वंश हुन्छ, त्यसले नै मेरो संसार–ताप टाढा गर्छ या मेरो भव–बन्धनको नाश गर्छ ।

आफ्नो प्राणको यो गम्भीर वेदना म कसलाई सुनाउँदै छु ? के एक कल्पित मूर्ति या जड–विग्रहलाई ? होइन, गुणातीन ब्रह्मको जो असीम शक्ति चराचर जगद्रूपमा मूर्तिमती हो, जो महाशक्ति सृष्टि, स्थिति र प्रलय गर्ने, जो सौन्दर्य र माधुर्यको नित्य नवीन निर्झरिणी हुन्, मेरो आमाभित्र वात्सल्यरसपूर्ण मातृ–स्नेहलाई लिएर जसले मेरो आमाको भेषमा मलाई दर्शन दिइन्, जसको स्तन्य–अमृतपान गरेर मेरो शिशु–जीवन परिपुष्ट भयो, जसले करुणापूर्ण दृष्टिले मलाई काखमा लिएर पटकपटक मेरो मुखमा म्वाइँ खाइन् र अकुण्ठित चित्तले मेरोलागि सबै क्लेश र त्यागलाई स्वीकारिन्, मेरो आमाको हृदयमा जुन जगन्माताले नै मातृशक्तिलाई स्फुरित गरेर आमाको रूपमा उनलाई जगत्मा पठाइन्, त्यसै जगन्माताबाट नै पृथ्वी बनेको हो–

***आधारभूता जगतस्त्वमेका महीस्वरूपेण यतःस्थितासि ।***

उसैले यस जगत्को रूपमा मलाई बस्न, उभिन, विश्राम गर्न, काम गर्न र तपस्या गर्ने स्थान दिएकी छन्। पृथ्वीबाट उत्पन्न असङ्ख्य रसको रूपमा, वृक्ष–लता र औषधिको रूपमा एवं विविध अन्नको रूपमा मलाई त्यो कतिऔं तृप्ति प्रदान गरिरहेकी छन् ! पितामा पालनी–शक्तिको रूपमा र बीजरूपमा, भाइ–बहिनीमा सख्य, सौहार्द र स्नेह प्रभृति सम्पदाको रूपमा त्यही प्रकट भएको छ। त्यही गुरुमा मोह–नाशिनी त्राण–शक्तिको रूपमा प्रकाशित भएको छ । जसको अभय–चरण–सरोजबाट निस्केर मुक्ति–शोभा सयकडौं दिशामा छरिरहेको छ, तीन लोकको सम्पूर्ण ऐश्वर्यको जुन मूल कारणरूपा हो, जसको स्नेहको एक कण पाएर माता स्नेहमयी, करुणामयी र सन्तान–वात्सल्यमयी भएकी छन्, त्यही करोडौं चन्द्रको ज्योति–सुधालाई विलज्जित गर्ने, हाँसोको प्रकाशबाट गगनमण्डलमा करोडौं चन्द्र–सूर्यको किरणलाई विकास गर्ने, देवता–मनुष्य आदि जीवको हृदयमा ज्ञान–शक्तिको ज्योतिस्वरूपिणी, ब्रह्मा–विष्णु–महेश आदि महान् देव जसको इशाराबाट जलमा थोपाथोपासरह प्रतिक्षण उत्पन्न र विलीन भइरहन्छ। त्यही दयामयी आमा, भक्तको जीवन–सर्वस्व आमा सबैको सदा–सर्वस्व आमा मेरो सम्मुख उभिएर मेरो करुण–प्रार्थना सुनिरहेकी छन् एवं स्मित–प्रसन्न मुखबाट अभयदान दिइरहेकी छन् । त्यसपछि के को डर ? उनको चरण–सरोजको महामहिमाबाट मेरो सम्पूर्ण पाप, मेरो सम्पूर्ण मलीन वासना नष्ट भइरहेको छ । उनको हास्य–सुधाबाट सम्पूर्ण अज्ञान नाश भएर एक दिव्य शान्ति–ज्योति विस्तृत भई दिग्–दिगन्तलाई शान्ति–शोभाबाट मनोहर गरिरहेकी छन् । हाम्रो सम्पूर्ण अज्ञान, मोह, भ्रान्ति त्यस चैतन्य–ज्योतिमा विलीन भइरहेको छ । यस प्रकारको दृढ धारणाबाट तिमी आमाको सामुन्ने आफ्नो मनको कुरा, मनको इच्छा निवेदन गर्छौ र आमा तिम्रो सम्मुख उपस्थित भएर तिम्रो प्रार्थना सुनिरहेकी छन् र हाँस्दै कतिऔं स्नेह, मायाले, कस्तो सान्त्वनाले भरिएका कुरा सुनाइरहेकी छन्; उनको मुखको प्रफुल्ल, निर्मल ज्योतिले तिमीलाई अभयदान दिइरहेको छ। ठीक यस प्रकार, हृदयमा ठीक यही भावलाई लिएर जप गर्दा मन्त्र–चैतन्य हुनेछ । मन्त्र–जप प्रत्येकपटक यसै भावबाट चिन्तन गर्नुपर्छ। आमाले यसै भावबाट हेर्नुपर्नेछ, तब मन्त्र–जप सफल हुनेछ । यस प्रकारको जपबाट हृदय भक्तिले द्रवित र विह्वल हुनेछ। तिमी पनि आमाको अभयवाणी सुनेर जन्म–जीवन सफल गर्न सक्नेछौ। तिमी भव–बन्धन–मुक्त हुनेछौ, मुक्तिको आनन्द–प्रवाहमा बग्न थाल्छौ। यस भावबाट जप गर्नेले नै मन्त्र–चैतन्य प्राप्त गर्छ। आमाको कृपाबाट जापक जन्म, जरा र मोहको जालबाट सदाको लागि छुटेर अन्त्यमा आमाको अभय–पद–पद्ममा पूर्ण निर्वाण पाउँछौ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अफगानिस्तानबाट सेना फिर्ता भएपनि सहयोग जारी राख्ने राष्ट्रपति बाइडेनको प्रतिज्ञा

वाशिङ्टन, १२ असार/एपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले अफगानिस्तानका शीर्ष नेताहरूसमक्ष दिगो साझेदारीका लागि वचनबद्धता व्यक्त गरेका छन् । अफगानिस्तानमा सक्रिय तालिबानीको हिंसात्मक कारबाही जारी रहेकै अवस्थामा अमेरिकी र नेटो फौज स्वदेश फर्कन लागेपछि दुई देशका शीर्ष नेताहरूबीच पछिल्लो घटनाक्रमबारे शुक्रवार साँझ समीक्षा भएको छ ।

अफगान राष्ट्रपति अशरफ घानी र राष्ट्रिय मेलमिलापका लागि उच्च परिषद्का अध्यक्ष अब्दुल्ला अब्दुल्लाहले ह्वाइट हाउसमा राष्ट्रपति बाइडेनसँग भेट गर्नुअघि रक्षामन्त्री लोयड अस्टिनसँग पेन्टागनमा अफगान सुरक्षा मामिलाबारेमा छलफल गरेका थिए ।

राष्ट्रपति बाइडेनले अफगानिस्तानलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे पनि अमेरिकी सेना स्वदेश फर्कने समय आइसकेकोमा जोड दिएका थिए ।

"अफगानिस्ताने आफ्नो भविष्यको निर्णय आफैं गर्नुपर्दछ," राष्ट्रपति बाइडेनले अफगान नेताहरूसँगको आफ्नो भेटको शुरूमा संक्षिप्त टिप्पणी गर्दै भने। राष्ट्रपति बाइडेनले दिगो साझेदारी के हुन सक्छ भन्नेबारेमा विस्तृत वर्णन दिन चाहेनन् ।

बाइडेन प्रशासनले आगामी सेप्टेम्बर ११ भन्दा अघि नै अफगानिस्तानमा तैनाथ अमेरिकी सेना स्वदेश फर्काइसक्ने गरी तयारी भइरहेको अवस्थामा अफगान नेताहरू वाशिङ्टन पुगेका हुन् । अफगानिस्तानमा अमेरिकी सेना बस्न थालेको २० वर्ष पुग्न लागेको छ। यस अवधिमा अमेरिकी र अफगानी सेना तथा सर्वसाधारणको ठूलो सङ्ख्यामा हत्या एवं मृत्यु भएको छ भने लाखौं विस्थापित भएका छन् ।

राष्ट्रपति घानीले शुक्रवार नै अमेरिकी संसद्की सभामुख नान्सी पेलोसी र रिपब्लिकन पार्टीका सांसदहरूसँग भेटघाट गरेका थिए । उनले बिहीवार सिनेटमा रिपब्लिकन नेता मिच म्याक्कोनेलसँग पनि भेट गरे ।

अमेरिकी रक्षा विभागका अनुसार सन् २००१ देखि जारी अफगान युद्धमा दुई हजार ४०० भन्दा बढी अमेरिकी सैनिकको मृत्यु हुनुका साथै २० हजारभन्दा बढी घाइते भएका छन्। युद्धका क्रममा तीन हजार ८०० भन्दा बढी अमेरिकी निजी सुरक्षागार्ड पनि मारिएको विभागको भनाइ छ ।

यस युद्धबाट अफगानी सर्वसाधारण अझ बढी प्रताडित भएका थिए। युद्धमा ६६ हजारभन्दा बढी अफगानी सेनाको ज्यान गएको थियो भने २७ लाखभन्दा बढी मानिस विस्थापित भएका थिए ।

उनीहरूमध्ये अधिकांश इरानतर्फ पलायन भएका थिए।

अमेरिकी सेनाको सबैभन्दा ठूलो हिस्सा स्वदेश फर्किए पनि अमेरिकी कूटनीतिज्ञको सुरक्षाका लागि करीब ६५०


अमेरिकी राष्ट्रपति जो बाइडेन । तस्वीरः फाइल

जना सैनिक मात्र अफगानिस्तानमा तैनाथ हुनेछन् । अमेरिकी अधिकारीहरूका अनुसार अर्को दुई साताभित्र कूटनीतिज्ञहरूको सुरक्षा व्यवस्था टुङ्गो लाग्नेछ। केही सय अतिरिक्त अमेरिकी फौज काबुल विमानस्थलमा सेप्टेम्बरसम्म रहने सम्भावना छ। उनीहरूले अफगानी सेनालाई आवश्यक सुरक्षा प्रदान गर्नेछन्।

समग्रमा, अधिकारीहरूले अमेरिकी र गठबन्धनको सैन्य कमान्ड, यसको नेतृत्व र अधिकांश सैनिक जुलाई ४ सम्ममा वा त्यसको केही समयपछि फिर्ता हुने योजना रहेको बताएका छन् । यो योजना केही महीनाअघि नै तयार भइसकेको बताइएको छ ।

यद्यपि सैन्य फिर्तासम्बन्धी विस्तृत विवरण दिन अमेरिकी अधिकारीहरूले अस्वीकार गरेका छन्। पछिल्लो समय अफगानिस्तानमा चार हजारको हाराहारीमा अमेरिकी सेना बाँकी रहेको बताइएको छ। अमेरिकी सेनाको फिर्तीसँगै केही महीनाभित्रै अफगानिस्तानको सरकार र सैनिक पतन हुने अनुमान गरिएको छ। पछिल्लो समय तालिबान समूहले देशका धेरै जिल्लामा निरन्तर कब्जा गर्दै गएको र कैयौं जिल्लामा सेना एवं प्रहरीले आफ्ना पोस्टहरू छाड्न थालेका छन् ।

अमेरिकी राष्ट्रपतिको "ओभल कार्यालय"मा बैठकपछि आयोजित पत्रकार सम्मेलनमा बोल्दै राष्ट्रपति घानीले राष्ट्रपति बाइडेनसँगको छलफल सकारात्मक रहेको बताए । उनले अमेरिकी सहयोग निरन्तर राख्ने बाइडेनको भनाइबाट आफूहरू आशावादी रहेको बताएका थिए। तर उनले आगामी दिनमा कठिनाइहरू रहेको पनि स्वीकारेका थिए ।

बाइडेनसँगको बैठकमा सहभागी अब्दुल्लाहले अमेरिकी सहयोगको निरन्तरताको आवश्यकताका बारेमा जोड दिएका थिए । "हामीले के कुरा बिर्सिरहेका हुन्छौं भने अलकायदाले अफगानिस्तानमा एक निश्चित तह पार गरेको थियो, जुन सबै मुलुकको सुरक्षाका लागि खतरा थियो," अब्दुल्लाहले भने। "यदि अफगानिस्तानलाई पूर्णरूपमा परित्याग गरियो, समर्थन गरिएन भने अफगानिस्तान फेरि एकपल्ट आतङ्कवादी समूहहरूको आश्रयस्थलमा परिणत हुने खतरा छ।"

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले शुक्रवार पेरिसमा बोल्दै अफगानिस्तानमा बढ्दै गएको हिंसाका बारेमा चिन्ता व्यक्त गरेका थिए। उनले भने, "यदि तालिबान समूहले जबरजस्ती शासन सत्ता हत्याउन खोजे युद्धको नवीकरण हुने वा त्योभन्दा खराब अवस्था सिर्जना हुनेछ।"

तैपनि, राष्ट्रपति बाइडेनमाथि अफगानिस्तानबाट बाहिरिने निर्णयलाई लिएर केही रिपब्लिकनले तिखो आलोचना गरिरहेका छन्। पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले नै सन् २०२० मा तालिबान समूहसँग सन् २०२१ को मे महीनाभित्र सबै अमेरिकी फौज स्वदेश फिर्ता गर्ने सम्झौता गरेका थिए ।

रिपब्लिकन नेता मिच क्याक्कोनेलले बिहीवार अफगानिस्तानबाट सेना फिर्ता गर्न बाइडेन प्रशासनले हतार गरेको बताउँदै सेना फिर्ताबाट आतङ्कवादी त्रास अरू बढ्ने बताए। उनले अमेरिकी सैनिक फिर्तीमा ढिलाइ गर्न पनि आग्रह गरे ।

तर ह्वाइट हाउसकी प्रेस सचिव जेन साकीले पूर्वराष्ट्रपति ट्रम्पले नै सेना फिर्ता गर्ने गरी तालिबान समूहसँग सम्झौता गरेको बताउँदै अहिले त्यस सम्झौताबाट अमेरिका पछि हट्न नसक्ने स्पष्ट गरिन् ।

राष्ट्रपति बाइडेनले अफगान राष्ट्रपति घानी र अब्दुल्लाहले सामना गर्नुपर्ने कठिन परिस्थितिका बारेमा जानकार रहेको पनि साकीले उल्लेख गरिन्। रासस

## जर्ज फ्लोयडको हत्या आरोपी प्रहरीलाई साढे २२ वर्षको जेल सजाय

मिनियापोलिस, १२ असार/एपी

अमेरिकाको मिनियापोलिसस्थित प्रहरी कार्यालयमा कार्यरत एक प्रहरी अधिकारीलाई साढे २२ वर्षको जेल सजाय तोकिएको छ।

अफ्रिकीमूलका अमेरिकी नागरिक जर्ज फ्लोयडको हत्या आरोप लागेका प्रहरी अधिकृत डेरेक चौभिनलाई अदालतले साढे २२ वर्ष जेल सजाय तोकेको हो ।

गत वर्ष सन् २०२० मे २५ तारिखका दिन ती प्रहरी अधिकारीले फ्लोयडलाई आफ्नो घुँडाले घाँटीमा थिचेर हत्या गरेको भिडियो सार्वजनिक भएको थियो।

दर्दनाक भिडियोका कारण हत्याका विरुद्धमा अमेरिकाभरि आन्दोलन भएको थियो । हत्याको विरोधमा मानव अधिकारकर्मी र अश्वेत पक्षधरहरूले अन्य देशमा पनि केही दिन प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा केही व्यक्तिको मृत्युसमेत भएको थियो ।

हत्याको विवरण प्राप्त गर्नासाथ स्थानीय प्रहरीले आरोपी प्रहरीलाई पक्राउ गरेर अनुसन्धान शुरू गरेको थियो भने अदालतमा उनका विरुद्धमा मुद्दा दायर गरिएको थियो ।

घटना भएको एक वर्षभन्दा बढी समयपछि अहिले मात्रै सो मुद्दामाथि अदालतले फैसला गरेको हो । प्रहरी अधिकारीले पाएको अधिकारको दुरुपयोग गरेको र अति दर्दनाक तरीकाले हत्या गरेको कारणले उनलाई २२ वर्ष ६ महीना जेल सजाय तोकिएको अदालतले जनाएको छ । चौभिनले ४८ वर्षीय फ्लोयडलाई नौ मिनेटभन्दा बढी समय घुँडाले घाँटी थिचेर हत्या गरेको भिडियो सार्वजनिक भएको थियो। चौभिनलाई अब जीवनभर हतियार राख्न अनुमति दिन नमिल्ने कुरासमेत फैसलामा उल्लेख गरिएको छ।

अदालतको फैसलाप्रति फ्लोयडका परिवारजनले सन्तुष्टि व्यक्त गर्दै राहत महसूस भएको प्रतिक्रिया दिएका छन् । सुनुवाइका क्रममा फ्लोयडका भाइ टेरेन्स फ्लोयडले चौभिनलाई ४० वर्षको सजाय हुनुपर्ने माग गरेका थिए। अदालतले भने झन्डै आधा मात्रै सजाय तोक्यो। रासस


### वर्गीकृत विज्ञापन





## सङ्क्रमणरहित उडानको तयारीमा एयरलाइन्स

काठमाडौं, १२ असार/रासस

मुलुकको आन्तरिक हवाई उडान यही असार १७ गतेदेखि सञ्चालन हुने निर्णय


तस्वीरः फाइल

भएपछि आन्तरिक उडानका एयरलाइन्स जनस्वास्थ्यको मापदण्डको परिपालना गर्दै उडानको तयारीमा जुटेका छन्।

आन्तरिक उडानका अग्रणी वायुसेवा प्रदायक कम्पनी बुद्ध एयर, यती एयरलाइन्स, श्री एयरलाइन्स, सौर्य एयरलगायत एयरलाइन्सले सङ्क्रमणरहित उडानका लागि आवश्यक तयारी गरेका हुन्। उपर्युक्त एयरलाइन्सले यसअघिको कोभिड–१९ महामारीको पहिलो लहरपछिको उडानमा अपनाइएको स्वास्थ्य मापदण्डलाई पूर्णरूपमा पालना गर्दै उडान सञ्चालन गरिने जनाएका छन्।

एयरलाइन्सले यात्रुको सुरक्षा र जनस्वास्थ्यको मापदण्डलाई प्रभावकारीरूपमा पालना गरी उडान सञ्चालन गर्नेगरी टिकट बुकिङ पनि शुरू गरिसकेका छन् । बुद्ध एयरले आइतवारदेखि औपचारिकरूपमा कार्यालय सञ्चालन गर्ने जनाएको छ। निषेधाज्ञाका कारण अनौपचारिकरूपमा सीमित सङ्ख्याका कर्मचारीमार्फत सेवा सञ्चालन गरिरहेका एयरलाइन्सले उडान खुल्ने भएपछि कार्यालय सञ्चालन तथा यात्रुको सहजताका लागि बुकिङ पनि शुरू गरिएको जनाएका छन्।

अघिल्लो महामारीपछिको उडानमा हवाई भाडामा भारी छुटका साथ उडान गरेका एयरलाइन्सले पछिल्लो उडानमा हवाई भाडा केही मात्रामा बढ्न सक्ने जनाएका छन् । नेपाल आयल निगमले हवाई इन्धनको मूल्य वृद्धि गरेकाले साबिकको हवाई भाडादर केही वृद्धि हुने बुद्ध एयरले जनाएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनस्वास्थ्य मापदण्डको पूर्ण पालना हुनेगरी अर्को आदेश जारी नभएसम्मका लागि असार १७ गतेदेखि कुल उडान सङ्ख्याको ५० प्रतिशत नबढ्ने गरी आन्तरिक उडान सञ्चालन गर्न नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)लाई निर्देशन दिएको थियो । उक्त निर्णयबमोजिम क्यानले एयरलाइन्सलाई उडान कोटा निर्धारण गरेको छ।

अहिलेको अवस्थामा बुद्ध एयरले जम्मा ३१ उडान गर्नेछ । कम्पनीले काठमाडौंदेखि विराटनगर गन्तव्यमा दैनिक चार, भद्रपुर तीन, तुम्लिङटार एक, जनकपुर तीन, पोखरा तीन, भैरहवा पाँच, धनगढी दुई र सुर्खेत एक उडान गर्ने तालिका बनाएको छ।

यस्तै, यती एयरलाइन्सले कुल १५ उडान गर्नेछ। यतीले विराटनगर तीन, भद्रपुर दुई, जनकपुर दुई, सिमरा दुई र पोखरा दुई उडान तालिका बनाएको छ। श्री एयरलाइन्सले सात, सौर्य एयरलाइन्सका तीन उडान तालिका छन्।

कोभिड महामारी नियन्त्रण गर्न सरकारले गत वैशाख २० गतेदेखि आन्तरिक तथा वैशाख २३ गतेदेखि अन्तर्राष्ट्रिय उडान स्थगन गरेको थियो। कोभिडका सङ्क्रमित बढेसँगै सरकारले गत वैशाख १६ गतेदेखि काठमाडौं उपत्यकासहित देशका अधिकांश जिल्लामा निषेधाज्ञा जारी गरेको थियो।

## त्रिविका रोकिएका सबै परीक्षा यसै वर्ष

काठमाडौं, १२ असार/रासस

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय (पनिका)ले रोकिएका सबै परीक्षा यस वर्ष नै गर्ने भएको छ। कोरोना भाइरसका कारणले परीक्षा नियन्त्रण कार्यालयले परीक्षाको क्यालेन्डर नै खल्बलिएपछि पनिकाले यस वर्ष रोकिएका सबै परीक्षा सम्पन्न गर्ने तयारी गरेको हो ।

परीक्षा नियन्त्रक पुष्पराज जोशीले गत वर्षदेखि रोकिएका सबै परीक्षा यसै वर्ष सकेर परीक्षा क्यालेन्डरलाई नियमित गराइने बताए । "कोरोना भाइरसको तेस्रो लहर आए पनि हामी स्वास्थ्यका मापदण्ड लागू गरेर परीक्षा सञ्चालन गर्दछौं," उनले भने, "भरसक भौतिक उपस्थितिमा परीक्षा गर्नेछौं, त्यो सम्भव नभए पनि अनलाइनबाट परीक्षा गरेर क्यालेन्डरलाई पहिल्यैको अवस्थामा पुर्‍याउँछौं ।"

त्रिविको गत वर्ष भदौमा हुनुपर्ने स्नातक तह पहिलो वर्षको परीक्षा कोभिड–१९ का कारणले हुन सकेको छैन । पनिकाले स्नातक दोस्रो वर्षको परीक्षा आगामी साउन ४ गते र पहिलो वर्षको परीक्षा साउनको १० गतेदेखि शुरू गर्न थालेको छ। त्यसपछि स्नातक तह कानूनको प्रथम वर्षको परीक्षा र स्नातकोत्तर तह दोस्रो वर्षको परीक्षा गर्ने तयारीमा पनिकाको रहेको छ।

परीक्षा नियन्त्रक जोशीका अनुसार दशैंअगाडि २०७७ सालका परीक्षा सम्पन्न र दशैंपछाडि २०७८ सालका परीक्षा शुरू गर्ने तयारी छ। दशैंपछाडि स्नातक तहका चारै वर्ष र स्नातकोत्तर तहको प्रथम वर्षको परीक्षा गर्ने उनले बताए । दशैंअगाडि हुने परीक्षामा दुई लाख ५० हजार परीक्षार्थी र दशैंपछाडिको परीक्षामा करीब छ लाख परीक्षार्थी सहभागी हुने उनले जानकारी दिए ।

**विद्यार्थीलाई पायक पर्ने परीक्षा केन्द्र**

पनिकाले विद्यार्थीलाई पायक पर्ने परीक्षा केन्द्र तोक्ने भएको छ। कोरोना भाइरसका कारण घर गएका परीक्षार्थीलाई सहज होस् भनेर पनिकाले विद्यार्थीले रोजेको परीक्षा केन्द्रमा परीक्षा दिलाउने व्यवस्था गरिएको जोशीले बताए। योसँगै अब त्रिविको परीक्षा दिनका लागि काठमाडौं आउने बाध्यता हटेको छ। "हामीले विद्यार्थीलाई परीक्षा फारामसँगै आफूलाई पायक पर्ने परीक्षा केन्द्र पनि छान्न भनेका छौं," उनले भने, "विद्यार्थीले जुन परीक्षा केन्द्र रोज्छन्, त्यही परीक्षा केन्द्रमा गएर परीक्षा दिन पाउनेछन् ।"

### डोजरले हानेर....

चालक गोलेबीच सामान्य विवाद भएको थियो । विवादकै क्रममा चालक गोलेले वडाध्यक्ष श्रेष्ठमाथि बकेट प्रहार गरेका र सो प्रहारबाट वडाध्यक्षको ज्यान गएको प्रहरी निरीक्षक कृष्ण गिरीले जानकारी दिए। राति १० बजेतिर सँगै खाना खाएर तीनैजना डोजरले खनेको पोखरीतर्फ जाँदै गर्दा विवाद भएको र सो क्रममा डोजर चालकले वडाध्यक्ष श्रेष्ठको हत्या गरेको प्रनि गिरीले बताए ।

डोजर चालकले श्रेष्ठलाई बकेटले हानेर माटोले पुरेको अवस्थामा भेटेर उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमैं ज्यान गएको प्रहरीले जनाएको छ । घटनामा संलग्न ठेकेदार दाहाल र चालक गोलेलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### बाढीको चपेटा....

पानीको सतह बढेको पाइएको छ। साथै, साना खोला तथा खोल्सीहरूमा पनि पानीको सतह बढेर आसपासका बस्तीमा डुबान पर्ने जोखिम रहेकाले उच्च सतर्कता अपनाउन अपील गरिएको छ। जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रका अनुसार बारामा अहिले बाढीले बस्ती डुबानमा पर्ने अवस्था नआए पनि सुरक्षा निकाय र स्थानीय पालिकाको समन्वयमा विपद्को समयमा सँगै काम गर्ने पूर्वतयारी भइसकेको बताए ।

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | व्यापारवृद्धि | वृष | कडाश्रम |
| मिथुन | सुसमाचार | कर्कट | उदरपीडा |
| सिंह | विजय | कन्या | धनलाभ |
| तुला | भाग्योदय | वृश्चिक | बेचैनी |
| धनु | मनोरञ्जन | मकर | कर्मप्राप्ति |
| कुम्भ | प्रगति | मीन | वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### गुठी संस्थान, शाखा कार्यालय, वीरगंज

### गुठीको पोखरी ठेक्का लगाउनेसम्बन्धी १५ दिने सूचना

*(प्रथमपटक प्रकाशित मिति २०७८/०३/१३)*

बारा जिल्ला सा. हरिहरपुर वडा नं. ७ किनं ९४ क्षेफ २–१६–१७ हाल सिनपामा रहेको गुठी तैनाथी जग्गामा पर्ने सुखीपोखरी जे जुन अवस्थामा छ, सोही अवस्थामा रहनेगरी पाँच वर्षको लागि नियम अनुसार ठेक्कामा लगाउनुपर्ने भएकोले सोसम्बन्धी कार्यको लागि इच्छुक सङ्घ, संस्था र व्यक्तिहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सो पोखरीको पाँच वर्षका लागि न्यूनतम मूल्याङ्कन रु २१,००,०००/– (एक्काइस लाख)मा नघट्ने गरी कायम गरिएको छ । आफूले दिन चाहेको दररेट अङ्क र अक्षरमा खुलाइ सिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

**सम्पर्क फोन नं. ०५१–५२२३१५**


वीरगंजमा वर्षात्को मौसममा छाता लिएर बजारमा निस्केका महिलाहरू । तस्वीरः राधेश्याम पटेल

# खेलकूदको संसार

## क्रिकेटको बन्द प्रशिक्षण स्थगित

काठमाडौं, १२ असार/रासस

नेपाली क्रिकेट टोलीको बन्द प्रशिक्षण स्थगन गरिएको छ। नेपाल क्रिकेट सङ्घ (क्यान)का अनुसार कोभिड–१९ का कारण आगामी महीना स्पेनमा हुने भनिएको नेपाल, स्कटल्यान्ड र नामिबियाबीचको विश्वकप लिग–२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय सिरिज स्थगन भएपछि बन्द प्रशिक्षण स्थगन गरिएको हो । मङ्गलवारदेखि बन्द प्रशिक्षण थालेको थियो। सो बन्द प्रशिक्षणमा १९ खेलाडी सम्मिलित थिए। बन्द प्रशिक्षण स्थगन गरिए पनि सामान्य प्रशिक्षण भने जारी रहने क्यानले जनाएको छ । खेलाडीहरूलाई प्रशिक्षण दिन मुख्य प्रशिक्षक डेभ ह्वाटमोर हालै श्रीलङ्काबाट नेपाल आएका थिए ।

बन्द प्रशिक्षणमा ज्ञानेन्द्र मल्ल, कुशल भुर्तेल, आरिफ शेख, पारस खड्का, दीपेन्द्रसिंह ऐरी, आशिफ शेख, कुशल मल्ल, विनोद भण्डारी, करण केसी, सन्दीप लामिछाने, सोमपाल कामी, कमलसिंह ऐरी, अविनाश बोहरा, सन्दीप जोरा, शाहब आलम, सुसन भारी, शरद भेषवाकर, विक्रम शोब र पवन सर्राफ रहेका छन्। नेपालले गत वर्ष माघ तेस्रो साता त्रिवि क्रिकेट मैदानमा अमेरिका र ओमानसँग पहिलो सिरिज खेलेको थियो। आइसिसी विश्व कप क्रिकेट लिग दुई विश्वकपसम्म पुग्ने सिंढी हो ।

लिग दुईमा नेपालसँगै अमेरिका, ओमान, स्कटल्यान्ड, नामिबिया, युएई र पपुवा न्युगिनी रहेका छन्। उक्त लिग सन् २०१९ को अगस्तदेखि शुरू भएको हो। लिगको शीर्ष तीन टोलीले विश्वकप क्रिकेटको छनोटमा सोझै स्थान बनाउने छन्। बाँकी चारवटा टोलीले विश्वकप छनोटमा प्रवेश पाउनका लागि फेरि प्लेअफ खेल्नेछन् । उक्त प्लेअफमा लिग दुईबाट आउने चार टोली तथा च्यालेन्ज लिगबाट आउने दुई टोलीले प्रतिस्पर्धा गर्नेछन्। विश्वकप छनोटमा सुपर लिगका पुछारका पाँच, लिगबाट आएका तीन तथा प्लेअफबाट आउने दुई टोली गरी १० टोलीले प्रतिस्पर्धा गर्नेछन् । विश्वकप छनोटको विजेता र उपविजेता टोलीले विश्वकप क्रिकेटमा भाग लिन पाउनेछन्।

# चुरे क्षेत्रको नदीजन्य पदार्थ उत्खनन गर्दै घाटगड्डी

जीतलाल श्रेष्ठ, निजगढ, १२ असार/

अहिले बाराको निजगढ नगरपालिका, कोल्हवी नगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिकाका विभिन्न स्थानमा जतातती नदीजन्य पदार्थ थुपारिएका छन्। चुरे भएर बग्ने नदी खोलाबाट आर्थिक वर्ष २०७७/७८ मा निकालिएको नदीजन्य पदार्थ यसरी थुपारिएको हो।

स्थानीय तहले राजस्व उठाउने नाममा नदी, खोलाबाट नदीजन्य पदार्थ ग्रेभल, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गरी घाटगड्डीको नाउँमा सानो चुरे पहाडझैं देखिने गरी थुपारेका हुन् । निजगढ नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा लालबकैया खोलामा नदीजन्य पदार्थको ठेक्का लगाएपछि घाटगड्डी शुरू भएको हो। गत वर्ष निजगढ नगरपालिकास्थित बकैया र धन्सार खोलाबाट १ करोड २२ लाख ४३ हजार ७८३ घनफीट नदीजन्य पदार्थ उत्खनन र निकासी गर्न रु १६ करोडमा ठेक्का लागेको थियो।

यसैगरी, गत वर्ष नै जीतपुरसिमरा उपमहानगरपालिकाको दुधौरा, बालगङ्गा, पसाहा खोलाबाट ९४ लाख घनफीट नदीजन्य पदार्थ उत्खनन र निकासी गर्न रु १२ करोड ७८ लाखमा ठेक्का लागेको थियो । कोल्हवी नगरपालिकाले पनि लालबकैया खोलाबाट ६२ लाख ७९ हजार ७५१ घनफीट नदीजन्य पदार्थ उत्खनन र निकासी गर्न रु ८ करोड ४५ लाखमा ठेक्का लगाएको थियो ।


बालगङ्गा खोलाबाट नदीजन्य पदार्थ उत्खनन गर्दै । तस्वीरः प्रतीक

तथ्याङ्क हेर्दा चुरे भएर बग्ने यी नदी खोलाबाट वार्षिक २ करोड ७९ लाख २३ हजार ५३४ घनफीट नदीजन्य पदार्थ ग्रेभल, ढुङ्गा, बालुवा निकालिएको देखिन्छ। यसअलावा उक्त खोलाहरूमा दैनिक ४/५ सय स्थानीय सुकुमवासीहरूले हाते औजारको प्रयोगबाट उत्खनन गर्ने नदीजन्य पदार्थको लेखाजोखा भने छैन।

राजस्व सङ्कलनका लागि ऐन, कानून, कार्यविधि तयार गरी सङ्घीय र प्रदेश सरकारले स्वीकृति दिएपछि स्थानीय सरकारले प्रत्येक वर्ष नदी, खोला उत्खनन गर्न ठेक्का लगाउँदै आइरहेका छन् ।

बर्सेनि नदीजन्य पदार्थ उत्खनन गरिरहँदा सोको असर चुरे पहाडमा पर्ने निश्चित छ । निरन्तर उत्खननले यस क्षेत्रमा भूक्षय हुने, वनक्षेत्र मासिँदै गएको छ। आसपासका खेतीयोग्य जमीन बगरमा परिणत हुँदै मानवबस्ती उच्च जोखिममा पर्दै आएको छ ।

स्थानीय तहले ठेक्का लगाइसकेपछि प्रभावकारी अनुगमन नगर्दा खोलामा रहेका प्राकृतिक स्रोतसाधन ग्रेभल, ढुङ्गा, गिट्टीको जथाभावी चरम उत्खनन भइरहेको छ । जिल्ला समन्वय समिति बाराले पनि यस वर्ष अनुगमन गरेन। यसो हुँदा ठेकेदारहरूको मनोमानी बढेको स्थानीयहरूको भनाइ छ। अनुगमनबारे स्थानीय तह, प्रदेश सरकार समेत मौन छन् ।

नदीजन्य पदार्थ उत्खननका लागि तयार पारिएका कार्यविधिको मर्मलाई बुझेर उत्खनन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहहरूको भएपनि ध्यान नदिंदा ठेकेदारहरूले जथाभावी उत्खनन गर्ने गरेको डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले बताए। जथाभावी उत्खनन गर्दा नदीखोला किनारका वनक्षेत्रको जमीन कटान हुँदै बन्ने गहिरो खाडलले वन्यजन्तुप्रति जोखिम बढेको उनी बताउँछन् ।

चुरेको तल्लो तटीय क्षेत्रमा नदीखोला उत्खनन गरिरहँदा यसको प्रत्यक्ष असर माथिल्लो तटीय क्षेत्रमा पर्दै चुरे स्खलन, मानवबस्ती पहिरोको उच्च जोखिममा छ भने राजमार्ग, पुल, ड्यामसमेत भत्कँदै छन् । वातावरण परीक्षण रिपोर्टका नाममा प्रत्येक वर्ष एउटै स्थानलाई उत्खनन स्थल बनाउँदा यसको नकारात्मक असर परेको हो । यही कारण पूर्व–पश्चिम राजमार्ग अन्तर्गत निजगढ–पथलैया सडकखण्डमा पर्ने दुधौरा पुलको पिलर पटक–पटक भासिएपछि अहिले करोडौं रुपैयाँको लागतमा नयाँ पुल निर्माण गरिंदैछ । त्यसैगरी, बकैया खोलासँगैको दक्षिणपूर्व रहेको सिमेन्टेड ड्यामका स्ल्याबहरू पनि भत्किरहेका छन्।

चुरे संरक्षणको लागि सबै लाग्नुपर्ने नेपाल इन्जिनीयरिङ परिषद्का उपाध्यक्ष विनोद न्यौपाने बताउँछन्। चुरे तराई–मधेसको जलभण्डार हो। यसलाई तराई–मधेसको जीवनरेखा भनिन्छ । यसको संरक्षणविना तराई–मधेस कालान्तरमा मरुभूमिमा परिणत हुन सक्छ । यसर्थ नदीजन्य पदार्थलाई वैज्ञानिक ढङ्गले उत्खनन गरी प्रयोगमा ल्याउन विज्ञहरूले जोड दिंदै आएका छन्।






# कोइलाको हिलोले चिप्लिन थाल्यो गाडी, कारबाहीको लागि माग

प्रस, परवानीपुर, १२ असार/

वीरगंज–पथलैया सडकखण्डको परवानीपुर बजारदेखि १ किलोमिटर दक्षिणमा सञ्चालित कोइला डिपोको कारण राजमार्गमैं गाडी चिप्लिन थालेको छ ।


तस्वीरः फाइल

वीरगंजका व्यवसायी रजत सजदेवाद्वारा सञ्चालित उक्त गोदामबाट कोइला ओसारपोसार गर्दा गाडीहरूको चक्कामा लागेको कोइलाको धूलो राजमार्गमा करीब ६ सय मिटर लम्बाइसम्म कोइलाको हिलो जमेको छ। बर्खाको समयमा उक्त क्षेत्रमा गाडी चिप्लिएर दुर्घटनाको जोखिम बढेको छ।

वीरगंज–३२ चोर्नीस्थित ज्योति फार्ममा काम गर्ने पवन अर्याल गत असार ९ गते सो कोइला डिपोअगाडि बाइक चिप्लिएर घाइते भएका थिए । वीरगंजबाट दिउँसो २ बजे परवानीपुर ज्योति फार्ममा जाने क्रममा मोटरसाइकल चिप्लेर अर्याल लड्दा उनको हात र खुट्टामा चोट लागेको छ। २० किलोमिटर प्रतिघण्टाको गतिमा चलाउँदा पनि मोटरसाइकल चिप्लिएको अर्यालले बताए । उनले असार १० गते जिल्ला प्रशासन कार्यालय पर्सामा कोइला डिपोलाई कारबाहीको लागि उजूरी गरे।

जिल्ला प्रशासन कार्यालयले पर्सा प्रहरीलाई चिठी लेखेपछि अहिले परवानीपुर प्रहरी चौकीले कोइला डिपोका सञ्चालकमाथि कारबाही प्रक्रिया अगाडि बढाएको छ।

प्रहरी चौकी परवानीपुरका प्रहरी नायब निरीक्षक जीवन सुवेदीले सिमेन्ट उद्योगका लागि कोइला भण्डारण गर्ने उक्त डिपोका कर्मचारीलाई राजमार्गमा कोइलाको हिलो सफा गर्न चेतावनी दिएको बताए। उनले अर्यालको उपचार खर्च र मोटरसाइकलमा भएको क्षति पनि तिराउने बताए। उनले परवानीपुर आसपासका अन्य कोइला डिपो सञ्चालकलाई बोलाएर प्रदूषण तथा राजमार्गमा ट्राफिक जाम न्यूनीकरणको लागि पहल गर्ने बताए ।

# ठक्करबाट दुईजना बालिकाको मृत्यु, तीनजना घाइते

प्रस, सप्तरी, १२ असार/

सप्तरी जिल्ला अन्तर्गत पूर्व–पश्चिम राजमार्गमा शनिवार दिउँसो एउटा टयाङ्करले दुईजना बालिकाको ज्यान लिनुका साथै तीनजनालाई घाइते बनाएको छ। जिल्लाको अग्निसाइर कृष्णासवरण गाउँपालिका–२ मा एउटा टयाङ्करले दुई किलोमिटरको दूरीमा दुईवटा दुर्घटना गराएको थियो ।

एउटा टयाङ्करले दुई किलोमिटरको फरकमा छुट्टाछुट्टै दुईवटा मोटरसाइकललाई ठक्कर दिंदा दुवै मोटरसाइकलमा पछाडि सवार एक/एक जना बालिकाको ज्यान गएको र अन्य तीनजना घाइते भएका हुन् । पूर्वबाट पश्चिमतर्फ गइरहेको ना.७ख ५४९५ नम्बरको टयाङ्करले स.११प २५८५ र स.२प ५२४५ नम्बरका मोटरसाइकललाई सीतापुरमा ठक्कर दिएको थियो । सीतापुरको पहिलो दुर्घटनामा मोटरसाइकलमा सवार रूपनी गाउँपालिका–३ कटैयाका विष्णुदेव प्रमाणीकी ८ वर्षीया छोरी यशोधाकुमारी प्रमाणीको ज्यान गएको छ।

सोही मोटरसाइकलमा सवार यशोधाकी आमा ३२ वर्षीया सुमनदेवी प्रमाणी र मामा कुसुमलाल मण्डल घाइते भएका छन्।

त्यसपछि उक्त टयाङ्करले सो घटनास्थलभन्दा करीब २ किलोमिटरको दूरीमा रहेको चाँदनी चोकमा स.२प ५२४५ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो। उक्त दुर्घटनामा मोटरसाइकल पछाडि बसेकी कञ्चनरूप नगरपालिका–६ घोघनपुरका मो. औरञ्जेबकी ७ वर्षीया छोरी सुमैया प्रवीणको ज्यान गएको हो । उक्त मोटरसाइकलमा सवार नविया प्रवीण घाइते भएकी छन्।

घाइतेहरूको उपचार जिल्ला सदरमुकाम राजविराजस्थित अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले बताए। दुर्घटनापछि आक्रोशित स्थानीयले सडकमा शव राखेर राजमार्ग अवरुद्ध गरेका थिए । मृतकका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने र चालकलाई ज्यान मुद्दा लगाउनुपर्ने माग गरेका थिए । साँझपख प्रहरीले सडक सुचारु गराएको थियो ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|



## स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरुलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

